## 5 शल्यक्रिया कसरी गरिन्छ र अपेक्षित परिणामहरू के हो?

शल्यक्रिया (PDA लिगेशन) छातीको बाँया छेउमा क्लिप वा PDA लाई धागोले बाधेर (लगभग 3-4cm) काटेर गरिन्छ। सोही समयमा, शल्यक्रिया गर्दा रगत र शरीरमा जमा भएको तरल पदार्थ निकाल्न निकास नलीलाई बाँया छातिमा घुसाइन्छ

तपाईंको बच्चालाई हाम्रो ट्रान्सपोर्ट दलद्वारा शल्यक्रिया गर्न QMH मा एस्कोर्ट गरिनेछ। QMH मा सर्जरी चलिराख्दा, तपाईंले त्यहा कार्डियाक सर्जनहरूलाई शल्यक्रियाको विवरणहरू र सहमति फाराम हस्ताक्षर गर्न हेर्नुपर्ने आवश्यक हुन्छ्। आवश्यक पर्दा बच्चाको क्रस जोडा मिलाउनको लागि चिकित्सकद्वारा आमाको रगत लिगिनेछ।

PDA लिगेशन पछि, अवस्था जब राम्रो हुन्छ तपाईंको बच्चालाई Tuen Mun अस्पतालमा स्थानान्तरण गरिनेछ। तपाईंले पत्ता लगाउन सक्नुहुनेछ तपाईंको बच्चाले निम्न सर्जरी पछि कार्डियाक र श्वासप्रश्वास सम्बन्धी कार्यहरूमा सुधार देखाउन अलिक समय लाग्छ। बच्चाको अवस्था निरीक्षण गर्न NICU/SCBU युनिटमा जारी रहनेछ।

## 6 त्यहाँ के पोस्ट-अपरेटिभ घाउ छ र कसरी स्याहार गरिन्छ?

PDA लिगेशन पछि, त्यहाँ बाँया छाती माथि सुटर्ड थोराक्टोमि र निकास नलीको घाउ छ। निकास नली सामान्यतया चिकित्सकहरूद्वारा घाउको कार्यसम्पदाको पोस्ट-अप पछि $2^{nd}$ देखि $3^{rd}$ मा हट्नेछ। ड्रेसिङ थोराक्टोमि र निकास नलीको घाउमा लागू गरिनेछ। रसाएको अवलोकन गर्न यो अखण्ड रूपमा राखिनेछ। टाँका शोर्षण हुन्छ भने, शल्यक्रियाको 7-$14^{th}$ दिन पछि तिनीहरूलाई हटाइनेछ। तिनीहरू अवशोष्य छन् भने, स्वभाविक पुनर्शोषण हुन दिनको लागि तिनीहरूलाई अक्षत छोडिनेछ।

## ? सन्दर्भ


ब्राइटन एण्ड सुसेक्स यूनवर्सिटी हस्पिटल NHS ट्रस्ट (Brighton and Sussex University Hospital NHS Trust)। प्याटेन्ट डक्टस आर्टेरियोसस (PDA)। अगस्ट, 2011।

黃秋惠, 曾慶方,游繡華(2008) 封面故事 : 開心長大一早產兒開放性動脈導管〔विद्युतीय संस्करण〕. 人醫心傳, 49,14-21। Http://www.tzuchi.com.tw/फाइल/tcmed/200801-49/पूर्वनिर्धारित.htm बाट डिसेम्बर 2, 2012 मा पुन: प्राप्त हुन्छ



यदि यस उल्था गरिएको प्रतिलिपि र चाईनीज /अंग्रेजी प्रतिलिपिमा कुनै संदेह भएमा अथवा नमिलेको ठाँउ भेटाएमा कृपया चाईनीज/अंग्रेजी लाई प्रचलित ठान्नु होला। र तपाईले चाईनीज/अंग्रेजी पर्चाको माँग गरे हुन्छ।

In case of doubt or discrepancy between this translated version and the Chinese/English texts, the Chinese/English shall prevails. You may request a Chinese/English leaflet.



स्वीकृति बिरामी सशक्तिकरण कार्यक्रम
न्यू टेरेटोरिज वेस्ट क्लस्टर

鳴謝 Acknowledgement
新界西醫院聯網
New Territories West Cluster
病人啟力基金
Patient Empowerment Programme

Date of Printing : Nov., 2019



新界西醫院聯網 New Territories West Cluster

Tuen Mun Hospital
Department of Paediatrics & Adolescent Medicine


# अस्पताल

### बालरोग तथा किशोर-किशोरी औषधि विभाग




# Patent Ductus Arteriosus
# प्याटेन्ट डक्टस आर्टेरियोसस (PDA)




Nepalese version 2019

## 1 डक्टस आर्टेरियोसस (PDA) भनेको के हो?

डक्टस आर्टेरियोसस भनेको सानो मांशपेशी रक्त नली/नशा हो जसले पल्मोनरी धमनीलाई महाधमनीमा जोडेको हुन्छ। जन्म हुन भन्दा अगाडि फोक्सोले काम गर्न आवश्यक छैन। जन्मदा फोक्सो ठूलो हुन्छ र काम गर्न सूरू गर्छ। पूर्ण कालीन बच्चामा, पहिलो श्वाससँगै नली बन्द हुँदै जान्छ। यद्यपि, अपरिपक्क बच्चाहरूमा नली खुला हुन सक्छ र यसलाई प्याटेन्ट डक्टस आर्टेरियोसस (PDA) भन्छौ।




सामान्य मुटुसँग तुलना गर्दा (बाँया डायग्राम), महाधमनी र पल्मोनरी धमनी बिचको नली अझै पनि दाँया डायग्राममा खुला हुन्छ, जुनचाहि "डक्टस आर्टेरियोसस (PDA)" हो। यो पूर्ण कालीन बच्चाहरूमा सहज रूपमा बन्द हुन्छ तर अपरिपक्क बच्चाहरूमा खुला हुन सक्छ।

## 2 संकेत र लक्षणहरू के-के हुन्?

- चाँडो श्वासप्रश्वासको गति, उच्च अक्सिजनको आवश्यकता वा अपनोइया पनि (लामो समयसम्म श्वासप्रश्वास रोकिनु)
- मुटुको मन्द आवाज, चाँडो हृदय गति (> प्रत्यक मिनटमा 179 बिटहरू)
- फोक्सोमा तरल पदार्थ: अतिरिक्त रगत फोक्सोमा बग्छ
- सहज थकावट
- कमजोर विकास र तौल बढ्ने

## 3 PDA कसरी निदान हुन्छ?

चिकित्सकले तपाईंको बच्चाको मुटुको ऑस्कल्टेट गर्नुहुन्छ, महत्त्वपूर्ण संकेतहरू समीक्षा गर्नुहुन्छ, रगतको परीणामहरू जाँच गर्नुहुन्छ र तपाईंको बचाको छातिको एक्सरे लिनुहुन्छ। PDA शंकास्पद भयो भने, चिकित्सक शंका सुनिश्चित गर्नका लागि इकोकार्डीओग्राम गरिनेछ।

## 4 (PDA) कसरी प्रारम्भिक रूपमा व्यवस्था गरिन्छ?

### 4.1 संरक्षणात्मक उपचार

- तपाईंको बच्चाको कुल तरलपदार्थ ग्रहण प्रतिबन्धित गर्न सकिनेछ। यसले फोक्सोमा अतिरक्त तरल कम गर्न मद्दत गर्नेछ।
- श्वासप्रश्वासको समस्या उपस्थित भयो भने: अक्सिजन वा भेन्टिलेटरको सहायताले नजिकबाट निगरानी प्रदान गरिनेछ।
- आवश्यक परेमा चिकित्सकले केही बढि तरल पदार्थ निकाल्न औषधि निर्देशित गर्नेछ। डाइयुरेटिक्सले बढि पिसाब उत्पादन गराएर अतिरिक्त तरल पदार्थ फाल्न मद्दत गर्छ।

### 4.2 औषधीद्वारा समापन

संरक्षणात्मक उपचार असफल भएमा, विपरित संकेतहरू नहुँदा चिकित्सकले गैर-स्टेरोइडल एन्टि इन्फ्लामेरोटी औषधिहरू (जस्तै आइबुप्रोफेन) नामक औषधि निर्देशित गर्छ। 3 दिनको अवधिमा यो हरेक दिन एकचोटि इन्ट्राभेनस तरिकाले वा मौखिक रूपमा दिइनेछ। PDA रहिरहन्छ भने औषधिको अवधि एकपटक दोहोरिन सक्नेछ। बच्चालाई नजिक निगरानीमा राखिनेछ। चिकित्सकले उपचारको विवरणहरू व्याख्या गर्नुहुनेछ र तपाईंलाई सम्बन्धित जानकारी प्रदान गर्नुहुनेछ।

### 4.3 सर्जिकल उपचार

सामान्यतया, PDA को आकार र बच्चाको अवस्थामा निर्भर रहेर PDA लाई औषधिको पद्धतिसँग पहिला उपचार गरिन्छ। औषधिहरूको प्रभावकारीता मुल्याङ्कन गर्न फलो अप इकोकार्डीओग्राम गरिनेछ। PDA ले औषधि तर्फ प्रतिक्रिया नजनाउँदा, चिकित्सकहरूले तपाईंसँग अधिक उपचार विकल्पहरूको सल्लाह गर्नुहुनेछ। तपाईंको बच्चालाई PDA को सर्जिकल समापनको आवश्यक हुन सक्छ शल्यक्रिया कार्डियाक केन्द्रमा Queen Mary Hospital (QMH) मा हुनेछ।

